नेपाल सरकार

अर्थ मन्त्रालय

**आन्तरिक राजस्व विभाग**

## मालपोत कार्यालयमा तिरेको पुँजीगत लाभकर आय विवरणको अनुसूची १० मा दावी गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्राकृतिक व्यक्ति बाहेक व्यवसाय सञ्चालन गरेका करदाताले आर्थिक वर्ष २०७७।७८ को आय विवरण पेश गर्ने क्रममा मालपोत कार्यालयमा जग्गा तथा घर जग्गा निःसर्ग वापत १.५ प्रतिशतका दरले तिरेको पुँजीगत लाभकर अनुसूची १० मा नदेखिएको भन्ने विषयमा करदाताबाट प्रात भएको गुनासो प्रति विभागको ध्यानाकर्षण भएको छ।


मालपोत कार्यालयमा आन्तरिक राजस्व कार्यालयको कोड नम्बर राखि बुझाएको पुँजीगत लाभ करको राजस्व भौचरमा करदाताको स्थायी लेखा नम्बर र राजस्व शीर्षक फरक (जस्तैः शीर्षक नम्बर ११125 उल्लेख गर्नुपर्नेमा ११११३ उल्लेख गरेको) उल्लेख गरेको कारण अनुसूची १० मा उक्त कर रकम नदेखिएको हुन सक्ने भएकोले आफ्नो स्थायी लेखा नम्बर र उक्त राजस्व शीर्षक नम्बर यकिन गरी संशोधन गर्नुपर्ने देखिएमा कर बुझाएको सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा निवेदन दिएर समयमै भौचर संशोधन गराउनु हुन सम्बन्धित सबै करदाताहरुलाई जानकारी गराइन्छ।

साथै मालपोत कार्यालयमा नगदी रसिदमार्फत बुझाएको वा मालपोत कार्यालयको कोड नम्बर राखि बैङ्कमा बुझाएको पुँजीगत लाभकरको हकमा करदाता स्वयंले अनुसूची १० मा दावी गर्न सक्ने व्यवस्था गरिएको छ।पुँजीगत लाभकर दावी गर्ने सम्बन्धी प्रकृया निम्नानुसार रहेको छ। यसरी करदाताले अनुसूची १० मा दावी गरेको हकमा आफु दर्ता भएको आन्तरिक राजस्व कार्यालयबाट रुजु गराउनु पर्नेछ।कार्यालयबाट रुजु भएपछि मात्र उक्त कर अनुसूची १० मा आउने छ।त्यसपछि मात्र आय विवरण पेश गर्नु हुन जानकारी गराइन्छ।

### <u>करदाताले मालपोत कार्यालयमा दाखिला गरेको पुँजीगत लाभकर दावी गर्ने प्रक्रिया</u>

१. आन्तरिक राजस्व विभागको वेभसाईट खोली Taxpayer Portal बाट < Income Tax < Do3 Return Entry हुँदै अनुसूची १० मा जाने ।

२. कर दावीको किसिममा “Land Capiital Gain” छनौट गर्ने । तपसिल बमोजिमको फिल्डहरु देखिनेछन् ।


Annex-10

Print

अनुसूची -१०

पछाडि गएर अनुसूची तय गर्न यहाँ क्लिक गर्नुहोस् ।

कर दावीको किसिम : Land Capital Gain

दाखीला निस्सा नम्बर :

लिखत नम्बर :


दाखीला मिति : YYYY.MM.DD

दाखीला रकम :

हिसाब मिलनको कारण :

Add

३. **दाखिला निस्सा नम्बरमा** राजस्व स्लिप नम्बर, भौचर नम्बर वा नगदी रसिद नम्बर; **लिखत नम्बरमा** जग्गा पास गर्दाको राजिनामा वा रजिष्ट्रेशन नम्बर; **दाखिला मितिमाः** राजस्व दाखिला भएको मिति; **दाखिला रकममा** दाखिला गरेको पुँजीगत लाभकर रकम र **हिसाव मिलानको कारणमा** के कारणले गर्दा दाखिला कर अनुसूची १०मा स्वतः नआई यसरी दावी गर्नुपरेको हो? सोको कारण उल्लेख गरी **"ADD"** गर्ने ।


सो आर्थिक बर्षको कर दाखिला र TDS रकम समाबेश गर्न तल लेखिएको Load Payment Vouchers and TDS Amount बटन क्लिक गनुहोस् । सो बाहेक अन्य क्रेडिट भए Transfer of Credit को लागि कार्यालयमा सम्पर्क ...

Load Payment Vouchers and TDS Amount

कर मिलान दावी विवरण

| | १ | २ | ३ | ४ | ५ | | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कर दावीको किसिम | राजश्व शिर्षक | दाखीलाको तरिका | दाखीला निस्सा नम्बर | बैंकको नाम | दाखीला मिति | कार्यालय | अग्रिम कर कट्टीको वि | अग्रिम कर कट्टी गर्नेक | अग्रिम क |
| 1 | | | | 12 | | 2078.06.06 | | | | |

**माथिको भुक्तानि विवरणमा दावि गर्नु नपर्ने भुक्तानि हटाउनको लागी छेउको डिलिट बटनमा क्लिक गर्नुहोला ।

To send request of Land Capital Gain Tax Claim to related IRO/TSO

यस अनुसुचिमा समाबेश भएका कर दाखिला विवरण सहि साँचो भएको घोषणा गर्दछु ।


**Check Box Select भए पछि मात्र Save वा Update बटन देखिने छ । ।

पछाडि गएर अनुसूची तय गर्न यहाँ क्लिक गर्नुहोस् ।

४. आफूले भरेको विवरण सही भएको घोषणा (Click) गर्ने ।

☐ **यस अनुसुचिमा समाबेश भएका कर दाखिला विवरण सहि साँचो भएको घोषणा गर्दछु ।**

५. “सेभ” गर्ने । “सेभ” गरिसकेपछि “To send request of Land Capital Gain Tax Claim to related IRO/TSO Click here” भन्ने विवरणमा Click गर्ने । रिक्वेस्ट सब्मिट भईसकेपछि सब्मिशन नम्बर सहित निम्नानुसारको स्क्रिन देखा पर्नेछ ।




६. करदाताले आफूले भरेका विवरणहरु सेभ गरी उक्त सब्मिशन नम्बर र पुँजीगत लाभकर दाखिलाका प्रमाण कागजातहरु लिई सम्बन्धित राजस्व कार्यालयमा गई विवरण रुजु गराउनु पर्नेछ ।

७. कार्यालयबाट रुजु भएपछि मात्र यसरी दावी गरेको पुँजीगत लाभकरको विवरण करदाताको अनुसूची १० मा जाने हुँदा उक्त रकम आफ्नो अनुसूची १० मा आएको यकिन गरेर मात्र करदाताले आय विवरण रुजु (Verify) गर्नु पर्नेछ ।